अमान्डा टेरिस स्नेलिन्जर । सन् २०१८ । *मेकिङ न्यू नेपाल : फ्रम स्टुडेन्ट एक्टिभिजम् टु मेनस्ट्रिम पोलिटिक्स* । सियाटल : युनिभर्सिटी अफ वाशिंगटन प्रेस ।

एक्काइसौँ शताब्दीको पहिलो दशकमा नेपाल विश्वको एक मात्र हिन्दू राज्यबाट धर्मनिरपेक्ष, संघीय गणतन्त्रमा फेरियो । यी बृहत् परिवर्तनका पछाडि गहिरा संरचनागत कारणहरू लगायत विभिन्न कर्ताहरूले खेलेको सक्रिय भूमिका पनि उत्तिकै सबल थियो । २००७ साल पछिका सबै जसो लोकतान्त्रिक आन्दोलनको अग्रपङ्क्तिमा रहेका नेपाली विद्यार्थीहरू यो परिवर्तनमा पनि अग्रमोर्चामै थिए । तर, नेपाल अध्ययन गर्ने मानवशास्त्रीहरूले यस्तो महत्त्वपूर्ण समूहलाई खासै ध्यान दिएका छैनन् । तसर्थ, नेपाली विद्यार्थी राजनीति बारेको अमान्डा स्नेलिन्जरको नृजातिवर्णन (एथ्नोग्राफि) नेपाल तथा दक्षिण एशियाली अध्ययनको क्षेत्रमा मात्र नभएर युवा अध्ययन र राजनीतिक मानवशास्त्र विधाको लागि पनि स्वागतयोग्य हस्तक्षेप हो । *मेकिङ न्यू नेपाल* नेपाली राजनीति र समाजमा भइरहेका ठूला उथलपुथलको समयमा राजनीतिक अभियन्तामाझ गरिएको लामो घडीको अनुसन्धानको प्रतिफल हो । लेखकले सन् २००३ देखि २०१५ को अवधिमा ३४ महिना लगाएर नृजातिवर्णनात्मक अध्ययन गरेकी थिइन् । यो अध्ययन विद्यार्थी नेताहरूसँगको गफ, छलफल, र सहभागी अवलोकनमा औधी भर परेको छ ।

स्नेलिन्जरको अनुसन्धानले माथिदेखि तल जाने पद्दति अँगाल्छ, र लेखक आफ्नो कामलाई “नेपाली विद्यार्थी राजनीति र मूलधारको राजनीतिमा उनीहरूको भूमिकाबारे गरिएको एक निष्पक्ष खोज” (पृ. ञ) भनेर अगि सार्छिन् । यसका बाबजुद उनी विवादास्पद विषयको अध्ययन गर्दा निष्पक्षता कायम राख्न गाह्रो हुने कुरा स्वीकार्छिन् । यदि अनुसन्धाता आफ्ना वार्ताकारहरूको राजनीतिक र कहिलेकाहीँ निजी जीवनमा समेत सहभागी छिन् भने त्यो निष्पक्षता कायम राखिराख्न अझ कठिन हुने नै भयो । प्रस्तुत पुस्तक एकै पुस्ताका तर विभिन्न राजनीतिक दल सम्बद्ध विद्यार्थी नेताहरूमा केन्द्रित छ । लेखकका अनुसार

यो अध्ययन "एक पुस्ता राजनीतिमा जवान हुँदै गरेको बखतको तस्बिर हो जति बेला एक दशक लामो गृहयुद्ध (सन् १९९६–२००६) तथा लोकतान्त्रिक सडक आन्दोलन चलिरहेको थियो र जसको उत्कर्ष राजतन्त्रको अन्त्य अनि लोकतान्त्रिक, धर्मनिरपेक्ष गणतन्त्रको स्थापना थियो" (पृ. ४) । यस किताबमा लेखक पाँच जना विद्यार्थी नेताहरूले विद्यार्थी आन्दोलनदेखि मूलधारको राजनीति सम्मको संक्रमणको दौरानमा हिँडेको पथ पछ्याउँछिन् । यी नेताहरूको आगमन नेपाली राजनीतिमा त्यतिखेर भयो जब नेपालको हिन्दू राजतन्त्रले आफ्नो वैधता लगभग गुमाइसकेको थियो र अन्त्यतर्फ लम्किँदै थियो । त्यसैले, उनीहरूले आफ्नो आन्दोलन लोकतन्त्र, धर्मनिरपेक्षता, मानव अधिकार, र गणतन्त्र जस्ता उदारवादी राजनीतिक मूल्यमा केन्द्रित गरे । राजनीतिक पुनर्जन्म (पोलिटिकल रिजेनरेशन) को अवधारणा आफ्नो अध्ययनको मुटुमा रहेको व्यहोरा लेखकले परिचय खण्डमै स्पष्टसँग भन्छिन् । लेखकको तर्क छ, नेपालमा लोकतन्त्र र लोकतान्त्रिकरण निरन्तरको संघर्ष मात्र नभएर उत्पादनशील विमतिको (*जेनरेटिभ डिस्सेन्सस्*) अविरल प्रक्रिया पनि हो ।

पहिलो अध्यायले पाठकलाई नेपाली राज्य र विद्यार्थी राजनीतिको छोटो इतिहाससँग जानकार गराउँछ । स्नेलिन्जरले नेपालको राजनीतिलाई हरदम बदलिँदो सहकार्य, समन्वय, प्रतिस्पर्धाको मञ्च भनेर गरेको वर्णन सटीक छ, तर यो कुनै नयाँ विचार भने होइन । जनताको नाममा भनिए तापनि सहकार्य, समन्वय, र प्रतिस्पर्धाको सम्बन्ध सत्तारूढ र प्रतिपक्षी सम्भ्रान्तहरूबीच नै हुने गरेको निचोड छ लेखकको । त्यसैले होला लेखकको ध्यान भुइँतहको आन्दोलन एवं वर्ग विश्लेषण भन्दा पनि सम्भ्रान्तहरू बीचको संघर्षमा छ । यही अध्यायमै स्नेलिन्जर शिक्षा र राजनीतिक शक्तिको परस्पर सम्बन्ध उजागर गर्दै परम्परागत रूपमा नेपालमा शिक्षा अभिजात वर्गद्वारा नियन्त्रित र असमावेशी भएको दलिल पेस गर्छिन् । यद्यपि उनको दृष्टिमा नेपालको विद्यार्थी राजनीति आदर्शवाद र अवसरवादको मिश्रण हो जहाँ प्रत्येक नयाँ पुस्ताले आदर्शवादको पक्ष लिँदै आन्दोलनलाई अगि बढाउँछ र अघिल्लो पुस्ताको अवसरवादको आलोचना गर्छ ।

राजनीतिमा सेवा र पेसाको द्वन्द्वात्मक सम्बन्धलाई दोस्रो अध्यायमा केलाइएको छ । लेखकले यो अध्यायमा विद्यार्थी अभियन्ताहरूले कसरी र कस्ता अवधारणाहरूको सहाराले आफ्नो राजनीतिक जीवनलाई अर्थपूर्ण बनाउँछन् भनेर प्रकाश पारेकी छन् । विद्यार्थीहरूमा सेवा-केन्द्रित बहस उनीहरूको राजनीतिमा आदर्शवादको सञ्चार गर्न अत्यावश्यक छ, तर लेखककै अनुसार हामी सेवालाई अवसरबाट अलग्ग राखेर बुझ्न भने सक्दैनौँ । त्यसै गरी, त्याग र कष्ट बारेका संकथनले पनि विद्यार्थी नेताहरूलाई आफ्नो राजनीतिक छवि तथा पहिचान निर्माण गर्न र आफूलाई देशको राजनीतिक इतिहासमा स्थापित गर्न सघाउँछ ।

यस पश्चात् स्नेलिन्जर राजनीतिक प्रवर्गका रूपमा "युवा" तर्फ ध्यान मोड्छिन् । नेपाली राजनीतिमा "युवाले एउटा यस्तो सांस्कृतिक रूप धारण गर्छ जुन आधुनिकता–हिन्दू जीवन

चक्र, उमेर-आधारित संरचना, पिँढीगत अन्तरक्रिया जस्ता सांस्कृतिक मूल्यमा आधारित र उत्तर-आधुनिकताको मिश्रण हो; हुनु र बन्नुको त्यस्तो विवादास्पद प्रवर्ग हो जसको व्याख्या विश्वव्यापी, अधिकार-आधारित बहसले गर्छ" (पृ. ७५) । यसको अतिरिक्त स्थगनको अवस्था र आगतको प्रतिक्षा पनि हो युवा । तसर्थ, युवा राजनीति भविष्यमुखी छ र प्रवर्गका रूपमा युवाले पुनर्जन्मको अवधारणालाई पनि बोकेको छ । यो पुनर्जन्मलाई संरचनागत तहमा भने विद्यार्थी युनियन र मूलधारका राजनीतिक दलहरूको सम्बन्धले सुगम बनाउँछ । हरेक पछिल्लो पुस्ताले विभिन्न समयमा राजनीतिक परिवर्तनलाई अगि बढाउँछ भन्ने विचार व्यवहारमा राजनीतिक पुनर्जन्मको अवधारणाले काम गर्न अपरिहार्य छ ।

चौथो अध्यायमा लेखकले नेपाली विद्यार्थी राजनीतिमा "अर्गनाइजेशन" (नाम पद: संगठन, र क्रियापद: संगठित गर्नु) को महत्ताबारे चर्चा गर्छिन् । स्नेलिन्जरका अनुसार वैचारिक तहमा राजनीति र त्यसको प्रतिदिनको अभ्यासको अन्तरसम्बन्ध बुझ्न संगठनात्मक कर्मले कसरी राजनीतिक दल र विद्यार्थी युनियनबीच साझा संस्थागत एवं राजनीतिक संस्कार निर्माण गर्छ भन्ने बुझ्न जरुरी छ । लेखक के पनि थप्छिन् भने विद्यार्थीहरूमा आफ्नो संगठन र त्यसको संस्कार बारेको बुझाइ दलीय अनुशासन र वैयक्तिक स्वतन्त्रताबीच सन्तुलन राख्नुपर्ने आवश्यकता-बोधले निर्देशित गर्छ । वामपन्थी अथवा उदारवादी कस्तो सिद्धान्त बोकेको दल हो, विचारधारा वा व्यक्तित्वलाई दिने सापेक्षिक महत्त्व त्यसैमा भर पर्छ ।

नेपालमा भर्खरैसम्म पनि राजनीति सम्भ्रान्तहरूको पेवा सरह थियो भन्ने टिप्पणी गर्दै लेखक पाँचौँ अध्यायमा सामाजिक-राजनीतिक परिवर्तन र यथास्थितिको निरन्तरता बीचको नाताको चोटिलो विषय उठाउँछिन् । उनका अनुसार संविधानसभाका लागि गरिएका दुई निर्वाचन, सन् २०१५ को भूकम्प, र भूकम्प लगत्तैको "फास्ट ट्र्याक" संविधानले अल्पसंख्यक र महिलाका मागको बेवास्ता गर्दै नेपाली राजनीतिमा बहिष्करणको पुरानै परिपाटी पुनर्स्थापित गर्‍यो । स्नेलिन्जर आफ्ना पाँच वार्ताकारहरूको राजनीतिक संक्रमणलाई अग्रभागमा राख्दै नेपाली राजनीतिको बहस कसरी सामाजिक रूपान्तरणबाट शासनतर्फ सर्‍यो भनेर देखाउँछिन् । लेखकका लागि विद्यार्थी नेताहरूको मूलप्रवाहीकरण यथास्थिति सँगको सम्मिलन र झन्डै पुरानै किसिमको सामाजिक व्यवस्थाको पुनरुत्पादनमा गएर टुंगियो । एक विद्यार्थी नेताका अनुसार उनीहरूको दृष्टिकोणमा आएको यो परिवर्तनको कारण "राजनीतिको माग पक्षबाट पूर्ति पक्ष तर्फको ठाउँ सराइ" (पृ. १४९) थियो । यद्यपि स्नेलिन्जर के पनि तर्क गर्छिन् भने विद्यार्थी नेताहरू नेपालमा उल्लेखनीय परिवर्तन ल्याउन अत्यन्त सक्रिय थिए, र मूलधारको राजनीतिमा प्रवेश गरेपश्चात् पनि सबैले सफलता हासिल गरेका छैनन् । यो प्रमाण उनी नेपालको लोकतान्त्रिक संघर्ष एक उत्पादक प्रक्रिया हो भन्ने तर्क गर्न प्रयोग गर्छिन् । तर, यहाँनेर लेखकले आफ्ना वार्ताकारहरूको लोकतान्त्रिक राजनीति तथा संघर्ष मूलभूत रूपमै उत्पादक र प्रगतिशील हुन्छ भन्ने आस्थालाई गैर-आलोचनात्मक ढंगले

नै स्वीकार गरेको अनुभव हुन्छ । नेपालमा बढ्दो धार्मिक, राष्ट्रवादी, र नियन्त्रणमुखी दक्षिणपन्थी उभारले ऐतिहासिक प्रक्रिया प्रतिको यस्तो उदारवादी दृष्टिलाई ठाडै चुनौती दिन्छ । लेखले बताए विपरीत राजनीतिक पुनर्जन्मको प्रक्रिया सधैँ प्रगतिशील अथवा लोकतान्त्रिक दिशामै अघि बढ्छ भन्ने छैन ।

पुस्तकको अन्तिम अध्यायको विषय स्तरीय राजनीति (स्केलर पोलिटिक्स) हो । स्नेलिन्जरको अध्ययनको सन्दर्भमा स्तरीय राजनीति भन्नाले "सामाजिक-राजनीतिक सम्बन्धहरूको पुनरुत्पादन वा फेरबदलका लागि स्थानीय, आन्तरिक, क्षेत्रीय, तथा अन्तर्राष्ट्रिय तहका संस्थाहरूको परिचालन" (पृ. १५२) बुझाउँछ । लेखकका अनुसार विद्यार्थी नेताहरू आफ्नो दल बाहिर पनि सञ्जाल बनाउन र आफ्नो निम्ति पहिचान र सहयोग जुटाउन स्तरीय राजनीतिको सचेत प्रयोग गर्छन् । लेखकको तर्क स्तरीय राजनीतिको (चलनचल्तीको भाषामा, बाहिरी शक्ति) परिचालनको इतिहास नेपाली राजनीतिमा लामो छ भन्ने छ । हरेक राजनीतिक परिवर्तन सफल बनाउन नेपालका प्रतिपक्षी शक्तिहरूले देश बाहिरको—विशेषतः भारतको—सहयोग जुटाएकै छन् । तर, आश्चर्य, स्तरीय राजनीतिबारे लेख्दा पनि स्नेलिन्जर सन् २०१५ को नाकाबन्दीमा भारतको भूमिकाप्रति ठ्याप्पै आँखा चिम्लन्छिन् र नाकाबन्दीलाई संविधानसँग असन्तुष्ट विरोधीहरूको प्रदर्शनका रूपमा मात्र चित्रण गर्छिन् । मधेस आन्दोलनप्रति लेखकको राजनीतिक सहानुभूति प्रस्टै देखिए पनि अवधारणाको हिसाबले भने स्तरीय राजनीतिको प्रयोग विरोधाभासपूर्ण छ ।

लेखक स्तरीय राजनीतिको नेपाली अनुभव उदारवादी राजनीतिक सिद्धान्तमा स्थापित आन्तरिक र बाहिरी राजनीतिको प्रवर्गात्मक कित्ताकाटलाई चुनौती दिन पनि उपयोग गर्छिन् । अझ, उनका अनुसार नेपालमा स्तरीय राजनीति राजनीतिक स्थानीयकरणको (पोलिटिकल भर्नाकुलराइजेशन) नभएर राजनीतिक पुनर्जन्मको उदाहरण हो किनभने विद्यार्थी नेताहरू विश्वव्यापी राजनीतिक अवधारणाहरूलाई स्थानीय सन्दर्भमा उल्था मात्र गरिरहेका छैनन् । उनीहरू त स्थानीय र विश्वव्यापी मूल्यबीच वार्ता स्थापित गर्दैछन् ।

निष्कर्षका लागि स्नेलिन्जर राजनीतिक पुनर्जन्मका निम्ति मतभेद अपरिहार्य छ र लोकतान्त्रिक आन्दोलन पुस्तागत प्रक्रिया हो भन्ने मुख्य बुँदामा फर्कन्छिन् । उनका अनुसार अहिलेको नेपालमा राजनीतिक पुनर्जन्मको केन्द्र भनेको मधेस हो जहाँ (लेखकले पुस्तक लेखिसकाउँदा) सन् २०१५ को विभेदकारी संविधान विरुद्धमा राजनीतिक र सामाजिक आन्दोलन चलिरहेको थियो । स्नेलिन्जरको नजरमा मधेसमा भइरहेको राजनीतिक पुनर्जन्मले नेपाली समाज र राजनीतिलाई बढी समावेशी बनाउनेछ । लेखकको यो प्रक्षेपण तथ्यको कसीमा जाँच्न भने केही वर्ष अझै कुर्नु पर्ला ।

राजनीतिक मानवशास्त्र र दक्षिण एशियाली अध्ययनमा उल्लेखनीय योगदान हुँदाहुँदै पनि नेपालबारे केही हदसम्म जानकार पाठकलाई पुस्तकमा भएका मिति, व्यक्ति, र संस्था

बारेका बग्रेल्ती तथ्यगत त्रुटिले गर्दा पढ्दा निकै किरकिर लाग्छ । उदाहरणका लागि, "मदन भण्डारी" हुनुपर्ने ठाउँमा "कृष्ण भट्टराई" भएको छ (पृ. ७२); प्रजातन्त्र दिवस डिसेम्बरमा नभएर फेब्रुअरीमा पर्छ (पृ. ८३); राणा शासनको अन्त्य सन् १९५१ मा भएको हो, सन् १९४९ मा होइन (पृ. १००); "*लङ-टर्म भिजन*" को नेपाली अनुवाद "दूरदर्शीता" हो, "पारदर्शीता" होइन (पृ. १०८); सन् १९९० को संविधान हुनु पर्नेमा सन् १९९१ भएको छ (पृ. १४१); दरबार हत्याकाण्ड हुँदा युवराज घिमिरे *कान्तिपुर* दैनिकका सम्पादक थिए, कार्यकारी निर्देशक होइन (पृ. १६७); सो काण्ड घटेको झन्डै छ महिनापछि संकटकाल लागेको थियो, अगाडि नै होइन (पृ. १६७); र "राष्ट्रिय प्रजातन्त्र पार्टी" हुनु पर्नेमा पुस्तकभरि नै "राष्ट्रिय प्रजातन्त्र परिषद्" लेखिएको छ ।

यस्ता तथ्यगत त्रुटिलाई त दोस्रो संस्करणमा सहजै सच्याउन सकिएला, तर नेपालका भाषाहरूमा लेखिएका सामग्रीप्रति लेखकको बेवास्ता र उदासीनताले विदेशी प्राज्ञहरूले नेपालबारे उत्पादन गर्ने ज्ञानको सीमितता र त्यसको राजनीतिबारे गम्भीर शंका उब्जाउँछ । अठार पृष्ठको सन्दर्भ सूचीमा केवल तीन ओटा सामग्री नेपाली भाषामा छ, जसमध्ये एउटा त सरकारी प्रतिवेदन हो । अचम्म लाग्दो कुरा त के हो भने परिचय खण्डमै स्नेलिन्जर आफ्ना वार्ताकारहरूमध्ये एक जनाले त नेपाली राजनीतिबारे चारभन्दा बढी पुस्तक लेखिसकेको उल्लेख गर्छिन् । तर, विडम्बना, लेखकले ती कुनै पनि पुस्तकलाई स्रोतसम्म मान्न पनि उपयुक्त ठानिनन् । अरू वार्ताकारहरूको लेख रचना पनि नेपाली छापामा प्रशस्तै पाइन्छ । तर, यस्ता कुनै पनि सामग्रीलाई बहसमा ठाउँ नदिनुले धेरै विदेशी प्राज्ञहरूको नेपाली र नेपालका भाषाहरूमा भएका लेख रचना प्रतिको निरन्तरको उदासीनतालाई प्रस्ट पार्छ । त्यसका साथै, नेपालबारे विदेशमा गरिने मानवशास्त्रीय ज्ञान उत्पादन अझै केही अर्थमा सन् १९५० को दशक ताकाकै जस्तो उपनिवेशवादको नशाले मत्त त छैन भन्ने प्रश्न पनि उठाउँछ । अर्को उल्लेख गर्नु पर्ने कुरो के हो भने लेखकले छद्मनाम दिएका उनका प्रमुख वार्ताकारहरू नेपाली राजनीतिमा चासो राख्ने जो कोहीले पनि सजिलै पहिचान गर्न सक्छ । त्यस्तो छद्मनाम मानवशास्त्रीय आचारसंहिता अनुसार आवश्यक होला, तर पाठकले लेखकको पक्षबाट किन त्यस्तो गरियो भन्ने छोटै भए पनि एउटा विधिशास्त्रीय व्याख्या अपेक्षा गर्दा अनुचित होला । तर, स्नेलिन्जरले त्यस्तो कुनै व्याख्या प्रस्तुत गर्दिनन् ।

**आभास भण्डारी**
युनिभर्सिटी अफ इलनोइ एट सिकागो